**लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड**
**को**

## १३ औ वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणिय शेयरधनी महानुभावहरु,
यस लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेडको मिति २०६५/०९/०६ मा बसेको संचालक समितिको १७९ औं बैठकको निर्णयअनुसार यस कम्पनीको तेह्रौं बाार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न लिखित बिषयहरु उपर छलफल गर्नको लागि बस्ने भएकोले उक्त मिति स्थान र समयमा शेयरधनी महानुभावहरु आफु स्वयं वा रितपुर्वकको प्रतिनिधीद्धारा उपस्थित हुन अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति: २०६५ साल पुष २९ गते (तदनुसार १३ जनवरी २००९)
स्थान: होटल माउण्टेन, कान्तिपथ, काठमाडौं ।
समय: बिहान ११.०० बजे ।

**छलफलका बिषयहरु:**

**क) साधारण प्रस्ताव**

१. तेह्रौ बार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ साल आषाढ मशान्तको वासलात तथा आर्थिक वर्ष २०६४/६५ को नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाहको बिवरण (संलग्न अनुसुचिहरु सहित) पारित गर्ने ।
३. बोनश शेयरको कर समायोजन वापत रु. १५,७८,९४७.३७ नगद लाभांश बितरण गर्ने प्रस्ताब पारित गर्ने ।
४. कम्पनीको लेखा परिक्षण समितिको सिफारिसमा आ.व. २०६५/६६ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. बिविध ।

**ख) बिशेष प्रस्ताब:**

१. आ.ब. २०६४/६५ को मुनाफा समेतबाट ३३.३३ प्रतिशत अर्थात ३:१ को अनुपातमा बोनश शेयर बितरण गर्ने बिशेष प्रस्ताब पारित गर्ने ।
२. कम्पनीको अधिकृत पूजी, जारी पूजी तथा चुक्ता पूजी बृद्धि गर्ने बिशेष प्रस्ताब पारित गर्ने ।
३. उल्लेखित बिषय सुची नं. १ र २ अर्न्तगत पारित भएको बिशेष प्रस्ताबलाई समाबेश गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने बिशेष प्रस्ताब पारित गर्ने साथै साधारण सभाद्धारा स्विकृत सो प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य निकायबाट स्विकृत गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार सोमा थपघट गर्न तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।
४. बिविध ।

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. तेह्रौ बार्षिक साधारण सभाको प्रयोजनको लागि यस कम्पनीको शेयर दाखिल खारेजको काम २०६५ साल पौष महिना १४ गतेदेखि पौष २९ गते सम्म बन्द रहने छ। हाजिरी पुस्तिका बिहान १०.०० देखि साधारण सभा रहुन्जेल सम्म खुल्ला रहनेछ।

२. कम्पनीको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा पठाईनेछ । साथै कम्पनीको वेभसाईट www.lumbinifinance.com मा पनि हेर्न सक्नुहुनेछ। सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले व्यक्तिगत रुपमा पठाईएको सूचना अथवा शेयर प्रमाणपत्र अथवा आफना परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपीसाथमा लिई आउनु हुन अनुरोध छ। कारणबश बार्षिक प्रतिवेदन नपाउनु भएमा यसै सुचनालाई आधार मानी उपस्थित हुनु हुन समेत अनुरोध गरिन्छ।

३. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय त्रिदेवीमार्ग ठमेलमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ।

४. शेयरधनी महानुभावह्रुले व्यक्त गरेको मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।

.५. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावह्रुले अनिवार्य रुपमा शेयरप्रमाणपत्र वा परिचयपत्र लिइ आउन अनुरोध गरिन्छ।

६. साधारण सभा सम्बन्धि अन्य जानकारीको लागि यस कम्पनीको प्रधान कार्यालय त्रिदेवीमार्ग ठमेलमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट “ग” बर्गको ईजाजत प्राप्त)
प्रधान कार्यालय त्रिदेवीमार्ग, ठमेल, काठमाडौं । फोन नं. ४४२३४४३, ४४२३४४५, ४४२२५४३ फयाक्स नं. ४४२५६५५
वेभसाईटः www.lumbinifinance.com
ईमेलः गिाषरुियकाअफालउ

शाखा कार्यालय
मानभवन, ललितपुर ।
फोन नं ५५३४२८१